# कलमी काँठी प्रमाणीकरण (Bud wood certification)का लागि जालीघर (स्क्रिन हाउस) निर्माण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

प्रस्तावनाः नेपालमा उत्पादन हुने विभिन्न फलफूल मध्ये सुन्तलाजात फलफूल उच्च माग र निर्यात सम्भावना भएको फलफूल हो । विशेषगरी, नेपालको मध्य पहाडी भागमा सुन्तलाजात फलफूलको खेती हुँदै आएको छ। नेपालको ४२ जिल्लामा व्यवसायिक सुन्तला खेती एवं तराइका जिल्लामा कागती र केही जिल्लामा जुनार समेत गरी करिब ६२ जिल्लामा सुन्तलाजात फलफूल खेती हुने गरेको छ । सुन्तलाजात फलफूल खेती मध्य पहाडी जिल्लाका मध्यम तथा निम्न आय भएका परिवारको मुख्य आयआर्जनको श्रोतको रुपमा समेत रहेको छ।आ.व.२०७४/७५ मा नेपालमा सुन्तलाजात फलफूल ४४,४२४ हेक्टरमा खेती भइ २,४५,१७६ मे.टन. उत्पादन भएको पाइन्छ। नेपालकोमा उत्पादित सुन्तलाले मंसिरदेखि माघसम्मको आन्तरिक मागलाई मात्र आपूर्ति गर्न सकेको अवस्था छ ।

पहाडी भिरालो, असिंचित पाखाहरुमा उत्पादन हुँदै आएको सुन्तला मुख्यरुपमा व्यवस्थापनको कमी काँटछाँट; मलजल, मुख्य तथा शुक्ष्म खाद्यतत्वहरुको कमी, रोग कीराहरुको आक्रमण, जलवायू परिवर्तन, गुणस्तरहीन विरुवा रोपण, आदिले हावापानी अनुकुल नभएका क्षेत्रहरुमा समेत यो खेतीको विस्तारले गर्दा सुन्तला खेतीमा ह्रास (citrus decline) भएको पाइन्छ ।रोग ग्रस्त बगैचा मध्ये केही ग्रिनिङ ( Huanglongbing: HLB), र ट्रिष्टिजा जस्ता संक्रामक रोगले ग्रस्त छन भने केही फाईटोप्थोरा(eg Gummosis) लगायत विभिन्न ब्यवस्थापन गर्न सकिने रोग तथा कीराहरुको आक्रमणबाट ह्रास भएका छन। बगैचाको उचित ब्यवस्थापनबाट ह्रास हुन लागेका बोटहरु समेत पुनर्जिवित भएकोपाइएको छ । नेपाल सरकारले बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरेको तर कृषकस्तरमा उचित शिक्षा तथा प्रभावकारी अनुगमन तथा कारबाहीको ब्यवस्था नभएकोले उचित लक्ष्य प्राप्त हुन सकेको नपाईएकोले सुन्तलाजात फलफूलमा ग्रिनिङ (Huanglongbing: HLB), र ट्रिष्टिजाजस्ता रोगहरुको व्यवस्थापनका लागि आधुनिक नर्सरी सहितको स्क्रिन हाउस/जालीघरबाट स्वस्थ विरुवा उत्पादन गरी विरुवा उत्पादन कार्यलाई बढावा दिने अभिप्रायले सुन्तलाजात वाली सम्वन्धी कार्यक्रम सञ्चालन गर्न स्पष्ट कानुनी व्यवस्था नभएको परिप्रेक्ष्यमा स्पष्ट कानुनी व्यवस्था गर्न वान्छनिय भएका र राष्ट्रिय फलफूल विकास केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतराष्ट्रिय फलफूल विकास कार्यक्रम तर्फ बडउडप्रमाणिकरणप्रविधिमाबनेकाजालीघरबनेकानर्सरीहरुलाईथपजालीघरनिर्माणमा५०प्रतिशतमाअनुदान( धनकुटा,रामेछाप, काभ्रेपलान्चोक, गोरखा, लमजुङ्ग, अर्घाखाँची, दैलेख,कैलाली) कार्यक्रम कार्यान्वयन गर्न कलमी काँठी प्रमाणीकरण (Bud wood certification) का लागि जालीघर (स्क्रिन हाउस) निर्माण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६ कृषि विभागले स्वीकृत गरेको छ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

परिच्छेद.१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यो कार्यक्रम सञ्चालन प्रक्रियाको नाम "कलमी काँठी प्रमाणीकरण (**Bud wood certification**) का लागि जालीघर (स्क्रिन हाउस) निर्माण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६"रहेको छ ।

(२) यो कार्यक्रम सञ्चालन प्रक्रिया कृषि विभागबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन प्रक्रियामा;

(क) "कलमी काँठी प्रमाणीकरण (Bud wood certification)" भन्नाले कलमी गर्न आवश्यक माउबोट, रुटस्टक र कलमी बिरुवालाई रोगमुक्त तरिकाले संरक्षण गर्ने विधि सम्झनुपर्दछ।

(ख) "जालीघर/स्क्रीनहाउस" भन्नाले उन्नत प्रविधिवाट तयार गरिएको बिरुवाहरु उत्पादन तथा संरक्षण गर्ने पूर्वाधारलाई जनाउँदछ।

(ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय सम्झनु पर्दछ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "विभाग" भन्नाले कृषि विभाग सम्झनु पर्दछ।

(च) "केन्द्र"भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर सम्झनुपर्छ।

(छ) "कृषि ज्ञान केन्द्र" भन्नाले प्रदेश सरकार मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ

(ज) "अनुदान" भन्नाले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुरुप स्क्रिन हाउस निर्माण र सञ्चालन गर्नका लागि सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद तथा वस्तुगत सहयोग सम्झनुपर्दछ।

(झ) "अनुदानग्राही" भन्नाले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुरुप अनुदान प्राप्त गर्ने व्यक्ती, समूह, सहकारी तथा कम्पनी सम्झनु पर्दछ।

(ञ) "नर्सरी" भन्नाले नेपाल सरकारको फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन निर्देशिका बमोजिम दर्ता गरिएको नेपाल राष्ट्र भित्रको कुनै पनि ठाउँमा नीजिस्तर वा सरकारीस्तरमा फलफूल बिरुवा वा बेर्ना उत्पादन तथा विक्री वितरण गर्ने उद्देश्यले खोलिएको स्थानलाई भन्ने जनाउँदछ ।

(ट) "परियोजना" भन्नाले एक आर्थिक वर्ष भित्रको निर्माण कार्यलाई सम्झनु पर्दछ ।

सूर्यप्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

(ठ) "पूर्वाधार" भन्नाले सुन्तलाजात फलफूल विरुवा उत्पादनका लागि निर्माण हुने माउ बोटका लागि एक, रुटस्टकका लागि एक र कलमी विरुवा हुर्काउनका लागि एक गरी तीन गोटा स्क्रिन हाउस भन्ने वुझिनेछ ।

(ड) "प्रस्ताव" भन्नाले उद्यमीले स्क्रिन हाउस, निर्माण गर्नका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनु पर्दछ।

(ढ) "सिफारिस समिति" भन्नाले परिच्छेद दफा ६ को उपदफा (१) बमोजिमको समिति सम्झनुपर्दछ।

(ण) "रोगमुक्त विरुवा" भन्नाले, रुटस्टक, सायन र कलमी गरिएको विरुवा वा विजु विरुवा सबै परिक्षण गरी संक्रामक रोग, ग्रिनिङ्ग र ट्रिस्टीजाबाट मुक्त भएको सम्झनुपर्दछ।

(त) "नेपाल सरकारबाट स्वीकृत कार्यविधि" भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(थ) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले केन्द्रको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्दछ ।

३. <u>कार्यक्रम सञ्चालन प्रक्रियाको उद्देश्यः</u> यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-

(१) निजी क्षेत्रमा स्क्रीन हाउस निर्माण र सञ्चालन गर्न सहयोग गरी स्वस्थ तथा गुणस्तरीय सुन्तलाजात फलफूल विरुवा उत्पादन गर्ने,

(२) स्क्रीन हाउसबाट स्वस्थ तथा गुणस्तरीय सुन्तलाजात फलफूल विरुवा उत्पादन गरी कलमी काँठी प्रमाणीकरण प्रणाली लागु गर्न सहयोग पुर्याउने,

(३) गुणस्तरीय विरुवा उत्पादन गर्न दर्ता भएका फलफूल नर्सरीहरुलाई सक्षम बनाउने,

(४) गुणस्तरीय विरुवा उत्पादन गरी फलफूलबालीको उत्पादन तथा उत्पादकत्व बढाउने,

(५) सुन्तला जात फलफूल उत्पादनको व्यवसायिक प्रवर्द्धन मार्फत आयात प्रतिस्थापन गर्दै लगी निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

परिच्छेद-२

## कार्यक्रम सञ्चालन सम्वन्धी

४. **कार्यक्रम सञ्चालन सम्वन्धी व्यवस्था:** यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ:-

(क) गुणस्तरीय बिरुवा उत्पादनका लागिदर्ता भएका फलफूल नर्सरीहरुलाई स्क्रिन हाउसनिर्माणकालागि अनुदान उपलव्ध गराईनेछ ।

(ख) स्क्रिन हाउस निर्माणको लागि अनुदान दिदा १ देखी २ वटा स्क्रिन हाउस भएका तर (कम्प्लिट सेट नभएका) भएका नर्सरीहरुलाई उपलब्ध गराईनेछ ।

(ग) थप स्क्रीन हाउस बनाउदा १८० वर्ग मिटरको क्षेत्रफल भएको हुनु पर्नेछ ।

५. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:**(१) यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुरुप राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत समावेश गरिएका जिल्लाहरुमा फलफूल नर्सरीको पूर्वाधार निर्माण अपुरो भएको र सञ्चालन गर्ने कार्यमा सरकारका तर्फबाट अनुदान उपलब्ध गराउन केन्द्रले अनुसुची-१ बमोजिमको सूचना सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रकाशन गर्नेछ।

(२)उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि अनुसूची-२ बमोजिमको योग्यता पुरा गर्ने उद्यमीले अनुसुची-३ बमोजिमको आवेदन र अनुसुची-४ अनुसारको प्रस्ताव संलग्न राखी केन्द्रमा शिलबन्दी आवेदन प्रस्ताव पेशगर्न सकेन्छन् ।

६. **सिफारिस समिति:**(१) दफा ४ अनुसार प्राप्त प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको सिफारिस समितिको रहनेछ:-

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय फलफूल विकास केन्द्र | - अध्यक्ष |
| अधिकृत प्रतिनिधि, कृषि विभाग | - सदस्य |
| लेखा प्रमुख, राष्ट्रिय फलफूल विकास केन्द्र | - सदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | -सदस्य |
| वरिष्ठ वागवानी विकास अधिकृत, राष्ट्रिय फलफूल विकास केन्द्र | - सदस्य सचिव |

(२) उपदफा (१)बमोजिमको समितिले आवश्कता अनुसार ३(तीन) जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रलाई कार्यक्रम कार्यन्वयनका लागि प्राविधिक तथा आवश्यक राय सुझाव दिने ।

(ख) प्रस्ताव आह्वानको सूचनाको नमुना, प्रस्ताव मुल्याङ्कन तथा छनौटको आधार, सम्झौताको ढाँचा तयार गर्ने ।

(ग) अनुसूची-५ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्रस्तावको मूल्याङ्कन गर्ने ।

(घ) आवश्यकता अनुरुप अनुसूची-५ बमोजिमको मूल्याङ्कनको आधारहरुको विस्तृतिकरण गरी उप आधारहरु बनाउने ।

४ सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

(ङ) मुल्याङ्कनबाट छनौट भएका अनुदानग्राहीहरुलाई उपलब्ध गराउने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि केन्द्रलाई सिफारिस गर्ने।

(च) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको प्रमाणीकरण गर्ने।

(छ) केन्द्रसँगको सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे नगरेको यकिन गर्ने ।

(ज) कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न केन्द्रमा सिफारिस गर्ने ।

(झ) केन्द्रसँगको सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न केन्द्रलाई सिफारिस गर्ने ।

(ञ) अनुदान उपयोगको नियमित अनुगमन गरी केन्द्र तथा बैंकलाई प्रतिवेदन दिने।

(४) उपदफा (१) बमोजिमको सिफारिस समितिले प्रस्तावको प्रारम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणीकरण लगायतका कार्यमा सिफारिस समितिलाई सहयोग गर्न उप समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (४) बमोजिम गठन हुने उप समितिको काम, कर्तव्य र अधिकार सिफारिस समितले तोके बमोजिम हुनेछ।

## परिच्छेद-३
## सम्झौता एवं अनुदान भुक्तानी

७. **अनुदान रकम निर्धारण**: (१) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(२) यस कार्यक्रम सञ्चालन प्रक्रियाको परिधी भित्र रही सूचना प्रकाशन, छनौटका लागि मूल्याङ्कन समिति वैठक भत्ता,अनुगमन मूल्याङ्कन ,कार्यालय सञ्चालन,सञ्चालन तथा मर्मत खर्च लगायतका कार्यका लागि अनुदान रकमको अधिकतम २.५% कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ।

८. **अनुदानग्राहीसँग सम्झौता गरिने**: (१) अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात केन्द्रले अनुदानग्राहीसँग अनुसूची- ६ बमोजिमको प्रतिवद्धता लिई अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सम्बन्धित कार्यक्रम सञ्चालन प्रक्रियाले तोकेको प्रक्रियाको अलावा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैंकका शाखा कार्यालय, विभिन्न समयमा कार्य सम्पन्न गर्नुपर्ने विषयहरु र सो अनुसार अनुदान प्रवाहको समय तालिका अनिवार्य उल्लेख गरिनेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

९. <u>अनुदान रकम भुक्तानी:</u> यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिमको अनुदान रकम भूक्तानी सम्वन्धमा गरिने सम्झौता एवं अनुदान प्रवाह विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

१०. <u>भुक्तानी नभएको अनुदान रकम फिर्ता गर्नु पर्ने:</u> बैंकले सिफारिस अनुसार अनुदान प्रवाह गरी बचत हुन आउने रकम र अनुदान रद्द गरेको रकम समेतको विस्तृत विवरण सहित सोही आर्थिक बर्षभित्र केन्द्रमा दाखिला गर्नुपर्नेछ ।

११. <u>असुल उपर गर्नुपर्ने:</u> केन्द्रले यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून अनुसार असुल उपर गरिनेछ ।

## परिच्छेद. ५
## <u>विविध</u>

१२. <u>अनुगमन र मूल्याङ्कन</u>: (१) अनुदान प्राप्त परियोजना स्थापना र सञ्चालनको अनुगमन मन्त्रालय, विभाग, केन्द्रतथा सम्वन्धित क्षेत्रको बागवानी केन्द्र र कृषि ज्ञान केन्द्रले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै गर्न सक्नेछन्।

(२)उपदफा(१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नुपर्नेछ।

(३) उपदफा(२) बमोजिम दिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१३. <u>बीमा गर्नुपर्ने</u>: यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले कृषि व्यवसायको बीमा गर्नुपर्नेछ।

१४. <u>प्रतिवेदन:</u>(१) नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम अनुदान प्रवाहको प्रतिवेदन अनुसूची-८ र अनुसूची-९ बमोजिमको ढाँचामा बैंकले तयार गरी नियमित रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुदानग्राहीले प्रगति प्रतिवेदन अनुसूची-१० बमोजिमको ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ।

(३) केन्द्रले अनुदानग्राहीको नाम सहितको विवरण वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

१५. <u>विवरण प्रकाशन गर्नुपर्ने:</u> केन्द्रले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण वेबसाइटमा नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

१६. <u>अनुदानग्राहीले पालना गर्नुपर्ने सर्तहरु:</u>(१) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधि समेत खुलाई होर्डिङबोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

(२) यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले निर्माण कार्यको तोकिएको प्राविधिकवाट सम्पन्न कामको निरिक्षण गराइ मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नुपर्नेछ।

(३) सम्वन्धित अनुदानग्राहीले सम्पन्न गरेको काम र खर्चको प्रतिवेदन मासिकरुपमा केन्द्रमा पेश गर्नु पर्नेछ।

(४) कार्य सञ्चालनका क्रममा अनुदानग्राहीले केन्द्रवाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

(५) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको निर्माण र सञ्चालन कार्यको हिसाव सम्बन्धी किताव हेर्न सक्नेछ। हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ।

(६) स्क्रिन हाउसमा उत्पादन गर्ने विरुवाको बार्षिक उत्पादन कार्य योजना तयार गर्नु पर्नेछ ।

(७) उत्पादित तथा विक्रि वितरण भएका विरुवाहरुको विवरण केन्द्रमा उपलव्ध गराउनु पर्नेछ ।

१७. <u>उत्पादन, बितरण र गुणस्तर नियन्त्रण</u>:(१) अनुदानग्राहीले कम्तीमा ५ बर्ष अबिछिन्न रुपमा फलफूल विरुवा उत्पादन गर्नुपर्नेछ।

(२)सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रवाट वागवानी विकास अधिकृत वा तोकीएको अधिकृतवाट फलफूल विरुवा उत्पादनको निरीक्षण र आवश्यक परेमा प्रयोगशाला परिक्षण गरेर बेच्न योग्य प्रमाणित भएपछि मात्र कृषि ज्ञान केन्द्र तथा केन्द्रको समन्वयमा बिक्री बितरण गर्नुपर्नेछ।

(३) परियोजनावाट उत्पादित विरुवा नेपाल सरकारले तोकेको दरमा उपलव्ध गराउनुपर्नेछ।

१८. <u>कारबाहीको व्यवस्था</u>: यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा रकमको हिसाव नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गर्नेछ ।

१९. <u>बाधा अड्काउ निरुपण, खारेजी एवं संशोधन</u>:(१) यस कार्यक्रम सञ्चालन प्रक्रियामा केही बाधा अडचन आईपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण विभागले गर्नेछ ।

(२) यस कार्यक्रम संचालयन प्रक्रिया विभागले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

२०. <u>दोहोरो सुविधा लिन नपाउने</u>: अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन र अनुदानग्राहीले अनुदानमा प्राप्त आयोजना सम्बन्धी विवरणको बारेमा आयोजना स्थलमा खुलाई राख्नु पर्नेछ ।

२१. <u>अनुदानग्राही जिम्मेवारी हुने</u>: विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेकमा सम्झौता अनुरुप समय भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा पुरा भुक्तान नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

**सूर्य प्रसाद पौडेल**
**महानिर्देशक**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

२२. <u>प्रचलित कानून लागू हुने</u>: (१) यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेखित विषय प्रचलित कानूनसँग बाझिएको हदसम्म बाझिएको मानिनेछ । यसलाई आवश्यकता अनुसार विभागले संशोधन गर्न सक्नेछ।

(२) यस कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

.................... परियोजना स्थापनाको अनुदानका सम्बन्धमा प्रस्ताव आव्हानको सूचना

सूचना।   सूचना।।   सूचना।।।

यस केन्द्रको आर्थिक बर्ष २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपुरो पूर्वाधार(एक वा दुई गोटा मात्र स्कीन हाउस भएको) पुरा गराउने कार्यक्रम रहेको हुँदा ईच्छुक दर्ता भएको फलफूल नर्सरीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........ दिन भित्र यस राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा अनुसूची-२ मा उल्लेखित कागजातहरु सहित अनुसूचि-३ बमोजिमको आवेदन र अनुसूची-४ बमोजिमको प्रस्ताव संलग्न गरी केन्द्रमा पेश गर्नुहुन अनुरोध गरिन्छ। प्रस्ताव बुझाउनका लागि तथा थप जानकारीको लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

आवेदन दिन आवश्यक योग्यता

(१) दर्ता भएका फलफूल नर्सरी कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको।

(२) नर्सरी स्थापना भइ १ वा २ वटा स्क्रीन हाउस निर्माण गरी स्वस्थ विरुवा उत्पादन गरिरहेको।

(३) वार्षिक रुपमा कम्तीमा स्क्रीन हाउसवाट १०,००० कलमी विरुवा उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको तोकिएको डिजाईन, स्पेसिफिकेशन र लागत अनुमान तयार गरेको।

(४) स्क्रीन हाउसनिर्माण पंछि भावी कार्ययोजना सहितको प्रतिवद्धता भएको।

(५) मोटर बाटो, सिंचाइ र बिद्युत सुविधा भएको।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-३

(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

**.........<u>परियोजना स्थापनाको अनुदानका लागि आवेदन फारम</u>**

श्री राष्ट्रिय फलफूल विकास केन्द्र
कीर्तिपुर, काठमान्डौ।

मेरो, कृषि समूह तथा कृषि सहकारी संस्था, कम्पनीबाट....... स्थानमा. ................ गा.पा./न.पा., .........जिल्ला................अन्तर्गत.................... ...परियोजना स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु ............मध्ये रु. ..................... मैले/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. ................. अनुदान पाउने व्यवस्थाका लागि तपसील वमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं।

संलग्नकागज पत्रहरु

१. रु. १० को टिकट टांसेको अनुसूची २ अनुसारको आवेदन।
२. नेपाली नागरिकताको प्रतिलिपी।
३.फलफूल नर्सरी दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रतिलिपी
४. जग्गाको लालपुर्जा वा लिजमा लिएको भए सो को प्रतिलिपि
५. परियोजनाको डिजाईन तथा लागत अनुमान।
६. परियोजनाको पूर्वाधार विकास निर्माणगर्ने कार्यतालिका
७. फलफूल नर्सरीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार
८. सडक/विजुली र पानीको स्रोत रहे नरहेको विवरण
९. उत्पादन कार्य योजनाको बिबरण (अनुसुची ४ बमोजिमको)
१०. सेवा पुऱ्याउने व्यवसायिक क्षेत्रहरु
११. दर्ता भएको फलफूल नर्सरीमा सदस्य संख्या

<u>निवेदक</u>
.........................फलफूल नर्सरी
................दर्ता नं/जिल्ला
ठेगानाः
सम्पर्क नंबर
फलफूल नर्सरीकोछापः

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-४

(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

कार्य योजना (प्रस्ताव) को संक्षिप्त ढाँचा

१. फलफूल नर्सरीको नाम र ठेगाना:

२. दर्ता नं./जिल्ला:

३. परियोजनाको क्षेत्रफल:

४. परियोजना सम्वन्धित अध्ययन/तालिम लिएको भए

(क) तालिम/अध्ययनको बर्ष ............. (ख) अबधि ........... (ग) प्रदान गर्ने संस्था ........................

५. विवरण

| क.सं | परियोजना विवरण | क्षमता/आकार | संख्या | अनुमानित लागत रु. | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थाबाट ब्यहोर्ने | अनुदान माग | कुल जम्मा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

६. संलग्न हुने जनशक्तिको विवरण

| क.सं | विवरण | संख्या | योग्यता | खर्च हुने रकम रु. |
|---|---|---|---|---|
| | सञ्चालन | | | |
| | प्राविधिक रेखदेख | | | |
| | सुरक्षा | | | |

७. बार्षिक विरुवा उत्पादन अनुमान

| बर्ष | विवरण (विरुवाको किसिम) | इकाई | परिमाण | अनुमानित विक्रि दर रु. | जम्मा आय रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्...

...........................................................

प्रस्तावकको

नाम, थरः

ठेगानाः

सम्पर्क फोन नः

दस्तखतः

मितिः

संस्थाको छापः (संस्थाकोहकमा)

नोटःप्रस्तुत संक्षिप्त ढाँचाको आधारमा बिस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-५

(दफा ६ को उपदफा (३) सँग सम्वन्धित)

परियोजना स्थापना, तथा सञ्चालनको लागि अनुदान रकम उपलब्ध गराउने मूल्याङ्कन फारम

(यो फारमको नमूना मूल्यांकन गर्ने वेला सम्म गोप्य नै राख्नु पर्दछ)

१. परियोजना स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्थाः (२५अंक)

(क) फलफूल नर्सरीको लागि उपयुक्त जग्गाको क्षेत्रफल पर्याप्त भएको (२रोपनी भन्दा माथि २५अंक)

(ख) फलफूल नर्सरीको लागि उपयुक्त जग्गाको क्षेत्रफल२ रोपनी (२० अंक)

२. परियोजना स्थापनाको लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्थाः (१५अंक)

(क) दुई गोटा स्क्रीन हाउस भएका (१५अंक)

(ख) एक गोटा स्क्रीन हाउस भएका (१०अंक)

३ अन्य पुर्वाधारको अवस्था (१०अंक)

(ग) सडक, बिजुली र सिचाइको सुविधा सवै भएको (१०अंक)

(घ) बिजुलीको सुविधा, सडक र सिचाइको सुविधा मध्ये कुनै दुइ भएको/हुनसक्ने (६अंक)

(ङ) सडक, बिजुली र सिचाइको मध्ये कुनै एक भएको/हुन सक्ने (३अंक)

३. प्रस्तावित परियोजनाको प्रस्तावकको आर्थिक क्षमताको अवस्था (१५अंक)

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सक्षम भएको पर्याप्त आधार देखिएको (१५अंक)

(ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको (१०अंक)

४. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (१०अंक)

(क) उपदफा ५ ग मा तोके भन्दा वढी उत्पादन गर्ने योजना (संख्या)(१०अंक)

(ख) उपदफा ५ ग मा तोके जति मात्र उत्पादन गर्ने योजना (संख्या)(८अंक)

५. जनशक्तिकोअवस्था (१५अंक)

| नर्सरीको ,प्रकार | अङ्क भार | | |
|---|---|---|---|
| | १५ | १० | ५ |
| स्क्रीन हाउस | तालिम प्राप्त अनुभवी | तालिम प्राप्त नगरेको+अनुभवी | तालिम तथा अनुभव दुवै नभएको |

६. समष्टिगत वातावरण मैत्री सम्भाव्यताको स्थिती (१० अंक)

९. मुल्याङ्कन गर्दा अङ्क वरावर आएमा तथा समितिले आवश्यक ठानेमा ३ वटा अग्रस्थानका निवेदकको फिल्ड भेरिफिकेसन गरि पेश भएका कागजात अनुसार भए नभएको प्रतिवेदनको आधारमा निर्णय गर्ने छ ।

*(नोटः प्रस्ताव छनौटका लागि न्यूनतम अंक ६० प्राप्त हुनुपर्नेछ ।)*

**सूर्य प्रसाद पौडेल**
**महानिर्देशक**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-६

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रतिबद्धतापत्र</u>

........................ केन्द्रको मिति २०७..../..../...को सूचना अनुसार अपुरो पूर्वाधार (एक वा दुई गोटा मात्र स्कीन हाउस भएको) पुरा गराउने कार्यक्रममा सहभागी हुन ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा............ वर्षसम्म निरन्तरता दिनेछु/छौं। कार्य योजना अनुसारको कार्य नगरे मा वा....... बर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुंला/बुझाउंला। साथै प्रस्तावितकार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं। इति सम्बत २०७...../....../.....गते रोज ...... शुभम्।

नाम, थर:

फलफूल नर्सरीको नाम:

दर्ता नं./जिल्ला:

ठेगाना:

दस्तखत:

मिति:

| दायां | बायां |
|---|---|
| | |

संस्थाकोछाप:

सूय प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

## अनुसूची-७

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## सम्झौता–पत्र

१. यो सम्झौता पत्र राष्ट्रिय फलफूल विकास केन्द्र (यस पछि प्रथम पक्ष भनिने) र सम्बन्धित उद्यमी........................ (यस पछि दोश्रो पक्ष भनिने) बीच...................परियोजना स्थापना र सञ्चालन गरी...........फलफूल विरुवा उत्पादन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ........ दिन भित्र शुरु गर्नुपर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा....... किस्तामा सम्झौता बमोजिमको रकम रु..............(अक्षरेपी.............) उपलब्ध गराउनेछ।

५. दोश्रो पक्षले कम्तिमा...... प्रतिशतं कार्य सम्पन्न गरे पछि प्रथम पक्षले प्रथम किस्ता बापत रु. ..............(अक्षरेपी..............)भुक्तानी गर्नेछ।

६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकले कार्य सम्पन्न मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) तयार गरी दोश्रोपक्षले प्रथमपक्षसँग अनुरोध गर्नुपर्नेछ। प्रथमपक्षले रीतपूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बिल भरपाईहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. भूक्तानी माग गर्दा दोसिरो पक्षले स्थानिय तहबाट कार्य सम्पन्नताको सिफारिस संलग्न गर्नु पर्नेछ।

९ दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई परियोजना क्षेत्रमा गर्नुपर्नेछ।

| | |
|---|---|
| .......................... | .......................... |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नाम | नाम |
| पद | पद |
| कार्यालयको नाम र छापः | नर्सरीको नाम र छापः |
| साक्षी | साक्षी |
| नाम थर | नाम थर |
| ठेगाना | ठेगाना |

*नोटः सम्झौताको ढाँचा नमुनाको रुपमा राखीएको, यसमा आवश्यकता अनुरुप परिमार्जन गर्न सकिनेछ।*
*अनुदान रकम तथा भूक्तानी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।*



सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - ८

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>मासिक प्रगति प्रतिवेदनको ढाँचा</u>

आर्थिक वर्ष: महिना:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | | बैंकबाट अनुदानग्राहीलाई भुक्तान भएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | यस महिनाको | हालसम्मको | यस महिनाको | हालसम्मको | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सूय प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - ९

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**चौमासिक/बार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

आर्थिक वर्ष:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | अनुदानग्राहीको फर्म/कम्पनीको नाम र ठेगाना | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | बैंकबाट अनुदानग्राहीलाई भुक्तान भएको रकम रु. | बैंकबाट फिर्ता दाखिला भएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - १०

(दफा १४ को उपदफा (2) सँग सम्बन्धित)

<u>मासिकबार्षिक/चौमासिक/ प्रगित प्रतिवेदनको ढाँचा</u>

आर्थिक बर्ष:

| क्र.सं. | अनुदानग्राहीको नाम | अनुदानग्राहीको नाम र ठेगाना | सम्झौता अनुसारको क्रियाकलापको विवरण | इकाइ | परिमाण | यस महिनाको प्रगति | हलसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२